# शारदा नगरपालिका

SHARADA MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

खलंगा, सल्यान

KHALANGA, SALYAN

कर्णाली प्रदेश, नेपाल

KARNALI PROVINCE, NEPAL


पत्र संख्या/Ref.No. :- २०८३/८४

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

मिति:२०८३/०६/०२

## प्रेस विज्ञप्ति

यस नगरपालिकाको क.प्र. ०२००१ झ. ०२४५ नम्बरको एम्बुलेन्स बिरामी लिएर नेपालगञ्ज पुगी फर्कने क्रममा मिति २०८३/०६/०२ गते बिहान ७:३६ बजे बाँकेको जानकी गाउँपालिका–६ स्थित सूर्यशक्ति अक्सिजन ग्याँस उद्योगको परिसरमा अक्सिजन भर्ने क्रममा अक्सिजन सिलिन्डर पड्किँदा उक्त एम्बुलेन्समा आगलागी भई क्षति पुगेको छ। तारकेश्वर नगरपालिकाबाट सहयोगस्वरूप प्राप्त उक्त एम्बुलेन्स शारदा नगरपालिकाका नागरिकहरूको जनस्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य उपचार तथा जीवन रक्षाका लागि निरन्तर सेवामा समर्पित अत्यावश्यक तथा संवेदनशील साधनका रूपमा रहेको उक्त एम्बुलेन्स अप्रत्याशित रूपमा आगलागी भई क्षति हुन पुगेको दुःखद घटनाप्रति शारदा नगरपालिका परिवार दुःखी एवं स्तब्ध भएको छ।

साथै, सो घटनाका क्रममा घाइते हुनुभएका एम्बुलेन्स चालक श्री लोकन्द्र बस्नेत र शारदा नगरपालिका वडा नं. ६ निवासी श्री कौरख बस्नेतको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछौँ। उक्त एम्बुलेन्स सेवा अवरुद्ध हुन जाँदा सम्पूर्ण सेवाग्राही महानुभावहरूमा पर्न गएको असुविधाप्रति शारदा नगरपालिका कार्यालय हार्दिक क्षमायाचना गर्दछौँ।

..........................

राजेश कुमार शर्मा

नगर प्रवक्ता

राजेश कुमार शर्मा
नगर प्रवक्ता